मुख्य समाचार.

- प्रधानमन्त्री नरेन्द्र मोदी, ओमानको विशिष्ट नागरिक सम्मान "अर्डर अफ ओमान" द्वारा सम्मानित
- भारत र नेदरल्याण्ड्सले स्वतन्त्र, खुला, समावेशी र नियममा आधारित हिन्द–प्रशान्त क्षेत्रका लागि दोहोर्याए साझा प्रतिबद्धता
- सरकारले देशका प्रत्येक जिल्लाका अस्पतालहरूमा क्यान्सरको उपचार उपलब्ध गराउन महत्वाकांक्षी पहल सुरु गरेको केन्द्रीय राज्य मन्त्री डा. जितेन्द्र सिंहको भनाई , अनि
- दुबईमा आयोजित रोल बल विश्वकपमा भारतीय पुरुष र महिला दुवै टिम बने विजयी..

प्रधानमन्त्री–ओमान पुरस्कार …..

प्रधानमन्त्री नरेन्द्र मोदीलाई आज सुलतान हाइथम बिन तारीकले भारत–ओमानबीचको द्विपक्षीय सम्बन्ध सुदृढीकरणमा उल्लेखनीय योगदान पुर्‍याएको सम्मानस्वरूप ओमानको विशिष्ट नागरिक सम्मान "अर्डर अफ ओमान" प्रदान गर्नुभयो। यो सम्मान प्रधानमन्त्री मोदीलाई विदेशी राष्ट्रबाट प्राप्त भएका २८ भन्दा बढी सर्वोच्च नागरिक पुरस्कारहरूको सूचिमा नवीनतम रुपमा प्राप्त पुरस्कार हो साथै उहाँलाई इथियोपियाको ग्रेट अनर निशान अफ इथियोपिया र कुवेतको अर्डर अफ मुबारक अल-कबीर सम्मानहरू पनि प्रदान गरिएको छ। यसअघि आज भारत र ओमानले मसकटमा व्यापक आर्थिक साझेदारी सम्झौता (CEPA) मा हस्ताक्षर गरे, जुन दुई देशबीचको ऐतिहासिक सम्बन्धमा कोसे ढूँगा साबित हुने विश्वास गरिएको छ। प्रधानमन्त्री मोदी र ओमानका सुलतान उक्त सम्झौता हस्ताक्षर कार्यक्रमको साक्षी रहनुभयो, जहाँ भारतका वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयल र ओमानका वाणिज्य, उद्योग तथा लगानी प्रवर्द्धन मन्त्री काइस बिन मोहम्मद अल युसेफले औपचारिक रूपमा सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो। वाणिज्य तथा उद्योग मन्त्रालयका अनुसार, यो सम्झौताले भारतका श्रमप्रधान क्षेत्रहरूका लागि अभूतपूर्व अवसरहरू खोलेको छ।

भर्खरै प्राप्त समाचार अनुसार प्रधानमन्त्री मोदी ओमन भ्रमण समाप्तगरी भारतका लागि प्रस्थान गरिसक्नुभएको छ।

प्रधानमन्त्री

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा आयोजित दोस्रो डब्ल्यू.एच.ओ. विश्वव्यापी परम्परागत चिकित्सा शिखर सम्मेलनको समापन समारोहमा भाग लिनुहुनेछ। उहाँले सहभागीहरूलाई सम्बोधन गर्दै आयुष क्षेत्रका लागि मास्टर डिजिटल पोर्टल माई आयुष एकीकृत सेवा पोर्टल सहितका महत्वपूर्ण आयुष पहलहरूको लोकार्पण गर्नुहुनेछ साथै, आयुष उत्पादन तथा सेवाहरूको गुणस्तरका लागि विश्वव्यापी मापदण्ड बन्ने आयुष मार्क पनि सार्वजनिक गर्नुहुनेछ। कार्यक्रमका अवसरमा प्रधानमन्त्रीले योग प्रशिक्षणसम्बन्धी डब्ल्यूएचओ प्राविधिक प्रतिवेदन र पुस्तक *रुट्स फ्रम ग्लोबल रिच* : आयुष रूपान्तरणको ११ वर्ष ' एवं भारतको परम्परागत औषधीय सम्पदाको विश्वव्यापी प्रतिध्वनि प्रतीकका रूपमा अश्वगन्धा को स्मारक डाक टिकट पनि जारी गर्नुहुनेछ भने २०२१-२०२५ योग प्रचार-प्रसार तथा विकासमा उत्कृष्ट योगदानका लागि प्रधानमन्त्री पुरस्कारका विजेताहरूलाई सम्मानित पनि गर्नुहुनेछ।

राष्ट्रपति द्रौपदी- राम सुतारको

राष्ट्रपति द्रौपदी मुर्मुले पद्म भूषणबाट सम्मानित प्रख्यात मूर्तिकार राम सुतारको निधनमा गहिरो शोक व्यक्त गर्नुभएको छ। राष्ट्रपतिले सामाजिक सञ्जाल पोस्टमार्फत श्री सुतारको असाधारण योगदानले भारतको कलात्मक तथा सांस्कृतिक सम्पदालाई समृद्ध बनाएको उल्लेख गर्नुभयो। स्ट्याच्यू अफ युनिटी सहित सुतारका विभिन्न कृतिहरू भारतको चिरस्थायी सम्पदाका निम्ति महान प्रतीक भएको बताउदै श्री सुतारको परिवार र प्रशंसकहरूप्रति समवेदना व्यक्त गर्नुभयो साथै राष्ट्रपतिले उहाँको कलाले आगामी पुस्ताहरूलाई पनि प्रेरित गर्दै जाने विश्वास ब्यक्त गर्नुभयो। यसैगरी उपराष्ट्रपति, प्रधानमन्त्री ,केन्द्रीय गृहमन्त्रीले पनि उहाँको निधनप्रति दु:ख प्रकट गर्नुभएको छ।

## अफगानिस्तान-पाकिस्तान सीमामा झडप

अफगानिस्तानको कुनार प्रान्तमा अफगान र पाकिस्तानी सेनाबीच नयाँ झडप सुरु भएको छ । दुवै पक्षबीच सीमावर्ती क्षेत्रमा गोलीबारी भएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार पाकिस्तानी सेनाले हिजो अफगानिस्तानको भू-भागमा रकेट प्रहार गरेको थियो । तालिबान सेनाले पनि  पाकिस्तानी सेनाको आक्रमणको कडा जवाफी कारबाही गरेको छ । पछिल्ला दुई महिनादेखि दुई देशबीच सीमापार व्यापार र आवागमन बन्द हुँदा पाकिस्तान-अफगानिस्तानका हजारौं व्यापारीहरू प्रभावित भएका छन् । अफगानिस्तानसँगको व्यापार बन्दले पाकिस्तानले ४.५ बिलियन डलरभन्दा बढीको घाटा बेहोरेको छ । यो जानकारी

पाक-अफगान संयुक्त चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका अध्यक्ष जियाउल हक सरहदी तथा सरहद चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका पूर्व वरिष्ठ उपाध्यक्ष मन्जूर इलाहीले संयुक्त वक्तव्य जारी गर्दै दिएका छन् । यसअघि डिसेम्बर ५ मा पनि पाकिस्तानी र अफगान सेनाबीच सीमामा तीव्र गोलीबार भएको थियो । दुवै पक्षले एकअर्कालाई झडप भड्काउने आरोप लगाएका थिए । दुई देशबीचको तनावले क्षेत्रीय स्थिरतामा असर पार्ने चिन्ता बढेको छ।

## नीदरल्याण्ड्सका विदेश मन्त्रीको भारत भ्रमण

भारत र नेदरल्याण्ड्सबीच आज एक स्वतन्त्र, खुला, समावेशी र नियममा आधारित हिन्द–प्रशान्त क्षेत्रका लागि साझा प्रतिबद्धता दोहोर्याइएको छ । नयाँ दिल्लीमा आयोजित बैठकमा भारतका रक्षा मन्त्री राजनाथ सिंह र नेदरल्याण्ड्सका विदेश मन्त्री डेभिड भ्यान विलले दुवै देशबीच बढ्दो रक्षा सहयोगलाई अझ सुदृढ बनाउने सहमति जनाएका छन् । बैठकमा रक्षा उपकरणहरूको सह-विकास र सह-उत्पादनका प्राथमिक क्षेत्रहरूमा काम गर्ने विषयमा छलफल गरिएको थियो। साथै, दुवै देशले सैन्य सहयोग विस्तार गर्ने र रक्षा साझेदारीलाई रणनीतिक सम्बन्धको प्रमुख स्तम्भको रूपमा विकास गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । यस भ्रमणले दुई देशबीचको रक्षा तथा कूटनीतिक सहकार्यलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

यसैगरी विदेश मामिला राज्य मन्त्री डा. पबित्रा मार्गेरिटाले आज फिजीका स्वास्थ्य तथा चिकित्सा सेवा मन्त्री डा. रतु एण्टोनियो राबिचीसँग भेटवार्ता गर्नुभयो । सामाजिक सञ्जाल पोस्टमार्फत उहाँले दुवै नेताबीच स्वास्थ्य तथा चिकित्सा सहयोगमा सार्थक छलफल भएको बताउनुभयो । यो छलफल भारत-फिजीबीचको द्विपक्षीय साझेदारीको महत्वपूर्ण आधारस्तम्भ हो ।

## १६ औं सैन्य अभ्यास

'डेजर्ट साइकलोन-II' का लागि भारतीय सेनाको दल अबुदाबी पुगेको छ । यो अभ्यास संयुक्त अरब इमिरेट  (यूएई) को स्थल सेनासँग डिसेम्बर १८ देखि ३० तारिखसम्म सञ्चालन हुँदैछ । करिब दुई सातासम्म चल्ने यस अभ्यासको मुख्य उद्देश्य शहरी क्षेत्रमा हुने अभियानहरू र धेरै  जनसङ्ख्या भएका स्थानहरूमा अन्तर्सञ्चालन र परिचालन तालमेल वृद्धि गर्नु रहेको छ । भारतीय सेनाको टोलीमा मेकानाइज्ड इन्फ्यान्ट्री रेजिमेन्टको  एक बटालियन सहित ४५ सैनिकहरू सहभागी छन् । यस्तै, यूएई सेनाका टोलीमा पनि ४५ सैनिकहरूको समावेश गरिएको छ ।

## ५ राज्यसभा क्यान्सर उपचार पहल

प्रधानमन्त्री कार्यालयमा केन्द्रीय राज्य मन्त्री डा. जितेन्द्र सिंहले सरकारले देशका प्रत्येक जिल्लाका अस्पतालहरूमा क्यान्सरको उपचार उपलब्ध गराउन महत्वाकांक्षी प्रमुख पहल सुरु गरेको तथा क्यान्सर, मधुमेह, हृदय रोग र आघातको रोकथाम तथा नियन्त्रणका लागि राष्ट्रिय कार्यक्रम एन.पी.सी.डी.सी.एस. आरम्भ गरेको बताउनुभयो । राज्यसभाको प्रश्नकालमा जवाफ दिंदै केन्द्रीय मन्त्रीले सरकारले आगामी ३ वर्षभित्र जिल्ला अस्पतालहरूमा ३७२ डे केयर क्यान्सर केन्द्र स्थापना गर्ने योजना बनाएको उल्लेख गर्नुभयो । जसमध्ये २०० केन्द्र वित्तीय वर्ष २०२५-२६ मा नै स्थापना गरिने छ । क्यान्सरको खोपसँग सम्बन्धित प्रश्नमा श्री सिंहले जैव प्रविधि विभागले सर्भाइकल, एनल र ओरल क्यान्सर बाट बचाउन एच.पी.भी खोप विकास गरेको जानकारी दिनुभयो । उहाँले यो खोपलाई अधिकभन्दा अधिक मानिसहरूसम्म किफायती मूल्य वा निःशुल्क रुपमा पुर्‍याउन स्वास्थ्य मन्त्रालयसँग मिलेर काम भइरहेको बताउनुभयो ।

रक्षा उत्पादन लक्ष्य : श्रीपाद नाइक

विद्युत तथा नवीकरणीय ऊर्जा राज्य मन्त्री श्रीपाद नाइकले सरकारले सन् २०२९ सम्ममा ३ लाख करोड रुपैयाँको रक्षा उत्पादन र ५० हजार करोड रुपैयाँको रक्षा निर्यात हासिल गर्ने लक्ष्य निर्धारण गरेको बताउनुभयो। आज नयाँ दिल्लीमा सञ्चारकर्मीहरूलाई सम्बोधन गर्दै उहाँले २०२४-२५ मा रक्षा उत्पादन १ लाख ५४ हजार करोड रुपैयाँसम्म पुगेको जानकारी गराउँदै भारत विश्वव्यापी रक्षा उत्पादन केन्द्र बनेको पनि उल्लेख गर्नुभयो। श्री नाइकले रक्षा पारिस्थितिकी तन्त्रमा १६ हजारभन्दा बढी लघु तथा मझौला उद्यम (एम.एस.एम.ई) सहभागी भएको बताउँदै आत्मनिर्भरता कुनै सीमित औद्योगिक प्रयास नभई व्यापक राष्ट्रिय अभियान बनेको कुरामा जोड़ दिनुभयो। स्मरण रहोस् उत्तर प्रदेश र तमिलनाडुका रक्षा औद्योगिक गलियारा (Industrial Corridor) हरूले संयुक्त रूपमा ९ हजार १४५ करोड रुपैयाँभन्दा बढीको लगानी आकर्षित गरेका छन् र २८९ सम्झौता ज्ञापनहरूमा हस्ताक्षर भएका छन्।

रोल बल विश्वकप

दुबईमा आयोजित रोल बल विश्वकपमा भारतीय पुरुष र महिला दुवै टिम विजेता बनेका छन्। भारतीय टिमले हालका सञ्चालक च्याम्पियन केन्यालाई पराजित गर्दै उपाधि हात पारेको हो। पुरुष टोलीले केन्यालाई ११–१० को अन्तरले हराउँदै पाँचौं पटक विश्वकप जित्यो। त्यसैगरी, महिला टोलीले केन्यालाई ३–२ को अन्तरमा पराजित गर्दै तेस्रो पटक फाइनल उपाधि आफ्नो नाममा दर्ता गर्यो।

मुख्य समाचार फेरि एकपल्ट

- प्रधानमन्त्री नरेन्द्र मोदी, ओमानको विशिष्ट नागरिक सम्मान “अर्डर अफ ओमान” द्वारा सम्मानित
- भारत र नेदरल्याण्ड्सले स्वतन्त्र, खुला, समावेशी र नियममा आधारित हिन्द–प्रशान्त क्षेत्रका लागि दोहोर्याए साझा प्रतिबद्धता
- सरकारले देशका प्रत्येक जिल्लाका अस्पतालहरूमा क्यान्सरको उपचार उपलब्ध गराउन महत्वाकांक्षी प्रमुख पहल सुरु गरेको केन्द्रीय राज्य मन्त्री डा. जितेन्द्र सिंहको भनाई , अनि
- दुबईमा आयोजित रोल बल विश्वकपमा भारतीय पुरुष र महिला दुवै टिम बने विजयी